**सुशासन, सामाजिक न्याय र समृद्धिका लागि हाम्रो अभियान !**
**अधिकार, विकास र सम्मानका लागि तारा चिन्हमा मतदान !!**

# डा. दीपेन्द्र रोकायाको चुनावी अपिल र प्रतिबद्धता-पत्र



**डा. दीपेन्द्र रोकाया**
**प्रतिनिधिसभा सदस्यका उम्मेदवार**
**हुम्ला**

**आदाणीय हुम्लाका वुवाआमा, दाजुभाई तथा दिदी बहिनीहरु,**
**जय देउ, टसी देले, दर्शन, नमस्कार।**
देशले निकास खोजीरहेको छ। हुम्लाले विकास चाहेको छ। युवाहरुले रोजगारी र भविश्य सुरक्षित भएको देख्न चाहेका छन्। ज्येष्ठ नागरिकले सम्मान र सुरक्षा खोजीरहेका छन्। वालवालिकालाई पोषणयुक्त खाना, शिक्षा र स्वास्थ्यमा लगानी गर्नपर्ने देखिएको छ। यो विद्यमान अवस्थामा परिवर्तन ल्याउन नीतिगत पहुँच र हस्तक्षेप आवश्यक पर्दछ।
हुम्ला जिल्ला नेपालको राजधानी काठमाडौ र प्रदेश राजधानी सुर्खेतबाट हेर्दा जति दुर्गम लाग्दछ, त्यस्तै दुर्गमता हामीलाई यहाँबाट हेर्दा काठमाडौ र सुर्खेत देख्दा लाग्दछ। यो सोच केन्द्रीय नीतिगत पहुँचको अभावले विकास गराएको हो। कुनैबेला हुम्ला शैव क्षेत्रको केन्द्र थियो। सिमकोट त जालन्धर र मारुल्या अर्थात् मल्ल कालको केन्द्रीय राजधानी नै थियो। आज राज्यको लामो उपेक्षाका कारण हुम्ला पिछडिएको क्षेत्रका रुपमा रहेको छ। म यो दुरी र रेखा नीतिगत रुपमा मेट्न चाहन्छु।
मेरो बारेमा तपाईहरु जानकार हुनुहुन्छ। मैले साढे दुई दशकभन्दा बढी समय देश र जनताको लागि जनादेश साप्ताहिक, कर्नाली आवाज, रेडियो जनगणतन्त्र नेपाल पूर्वी प्रशारण सेवा, जनआवाज रेडियो, नौलो जनसन्देश, जनदिशा दैनिकको सम्पादक भएर क्रान्तिकारी पत्रकारिता गरें। निजामती कर्माचारीको प्रशिक्षक हुनुका साथै निजामति कर्मचारी प्रतिष्ठानको जर्नल सम्पादक समेत भएर काम गरे। त्यसै समयमा कर्नालीको विद्यमान अवस्थालाई ध्यानमा दिई कर्नाली विकास आयोग, कर्नाली

करिडोर, कर्नाली स्वास्थ्य विज्ञान प्रतिस्ठानको परिकल्पना गरिएको र पहल गर्दा स्थापना र सुचारु भएको स्मरण गर्दछु। इलामबाट हुम्लासम्म हिडेर आएको बाटोको अनुभवले मध्यपहाडी लोकमार्गको परिकल्पना भएको स्मरण गर्दछु। पछिल्ला दिनहरुमा देश विदेशका स्थापित पत्रपत्रिका तथा जर्नलमा लेखेर हुम्लाको इज्जत बढाउने काम गरिरहेको छु।

हामीले लडेर ल्याएको व्यवस्था नै संघीय लोकतान्त्रिक गणतन्त्र हो। यसै व्यवस्थामा सात प्रदेश बनेका छन्। कर्नाली प्रदेश बनेपछि स्थापना भएको कर्नाली प्रदेश योजना आयोगमा सदस्यको रुपमा कार्यरत हुँदा मेरै नेतृत्वमा प्रथम पञ्चवर्षीय योजना बन्यो। यस योजनामा कर्नालीका सबै दरा खोलाको क्षेत्रगत विकासको खाका कोर्न पाएँ। यो हुम्लीको छोराले सिंगो कर्नालीको खाका कोर्नु हुम्लाको गौरव र इज्जतको विषय पनि हो। त्यो बेला कर्नाली रुपान्तरणकारी आयोजना, प्रदेश महत्वका आयोजना र स्थानीय पहिचानका आयोजना अगाडि सारेर कर्नालीको सोच २१०० अगाडि सारिएको कुरा स्मरण गराउन चाहन्छु।

यसै अवसरमा हुम्ला विकासको आधार तयार गरेको कुरा मैले भन्नुभन्दा लोकले जान्दछन्, बुझ्दछन् र भन्दछन्। म यति मात्र भन्न चाहन्छु कि अहिले हुम्लामा जति सडक खनिएका छन्, ती सबै आयोजना यसै हातबाट बनेका आयोजना हुन्। राष्ट्रिय प्रशारण लाइन र जति विद्युत आयोजनाका अध्ययन भएका छन् र तिनलाई अगाडि बढाउन निजी क्षेत्र अगाडि आएका छन्, ती सबै आयोजना त्यतिबेला गरेको पहलकदमीको प्रतिफल हुन्। त्यसैबेला गरेको पहलले अहिले बाजुरा र गमगढीबाट हुम्लाको सिमकोट हुँदै हिल्सासम्म अप्टिकल फाइवर विच्छ्याउने र सञ्चार टावर थप्ने काम भईरहेको छ। कर्नाली प्रदेशमा सूचना तथा सञ्चार प्रविधि उत्कृष्टता केन्द्र स्थापना भएको छ।

कोट मावि रोडिकोटको सिमालीमा आवासीय विद्यालय निर्माण हुँदैछ। सबै पालिकास्थित माद्यमिक विद्यालयलाई नमुना विद्यालय बनाइयो। जिल्ला अस्पतालको स्तरोन्नति गरियो। सर्केगाडमा रणनीतिक अस्पतालको स्थापना गरियो। कर्नाली र भेरी करिडोरमा घुम्ती अस्पतालको अवधारण ल्याइयो। प्राविधिक धारका डाक्टर, इन्जिनियर, कृषि, भेटनरी, वन, पर्यटन र सूरचना तथा सञ्चार विषयमा छात्रवृति दिन लगाएर दक्ष जनशक्ति निर्माण गर्ने अवधारणा विकास गरियो। पर्वतीय विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्नुका साथै हुम्लामा स्थापनाका लागि विशेष पहल गरियो। हुम्लाका युवाहरु सबै सरकारी कार्यालयमा भेटिउन् भनेर लोकसेवा आयोगका कक्षा सञ्चालनका लागि अभिप्रेरित हुने व्यवस्था गरियो।

कृषि उत्पादकत्व बढाउन तुम्च लिफ्टिङ सिँचाइको व्यवस्था गरियो। यस्तै दर्जनौ जिउलाको सिँचाइको लागि पहल र व्यवस्था गरियो। क्षेत्रगत विकास र सुशासनका लागि गरेको पहलकदमी केही संस्थागत भएका छन्। केही हुने क्रममा छन्। जसलाई दोस्रो योजनाले पनि निरन्तरता दिएको छ।

म हुम्ला जिल्लामा पार्टीको जिल्ला संयोजक भएर आएदेखि तलको कबाडीदेखि माथिको हिल्सासम्म र रिमीदेखि लिमीसम्म संगठन निर्माणको काममा क्रियाशील भएको देखिरहनु भएको छ। यसबीचमा

कहिले पार्टी रुपान्तरण तथा विकास अभियान त, कहिले कर्नाली करिडोर तथा हुम्ला जागरण अभियान सञ्चालन गरेर जनता जगाउने काम भएको छ।

मेरो यसखाले कर्मलाई मूल्याङ्कन गरेर पार्टीले मलाई हुम्ला जिल्लाबाट प्रतिनिधिसभा सदस्यमा उम्मेदवारको रुपमा अगाडि सारेको छ। यतिबेला हुम्ला जिल्लाका यसअघिका सबै आदाणीय माननीयज्यूहरुलाई सल्लाहकारका रुपमा सम्मान गर्दै पार्टीका आदाणीय नेता तथा सहकर्मी कार्यकर्ताका साथ आदाणीय जनसमुदायको बीचमा परिक्षा दिन आएको छु। हुम्लाका नागरिकहरुले को मान्छे कुन ठाउँमा सुहाउने हो र हुम्लाको अधिकार, विकास र सम्मान कसरी प्राप्त हुने हो भन्ने कुरा बुझ्नु भएको छ भन्ने लागेको छ। मैले भन्नैपर्छ, यतिबेला हुम्ली जनता कोहीकसैको दवाव, रवाफ र एक छाकको प्रभावमा परेर भोलि पछुताउनु पर्ने अवस्था नआओस् भन्नेतर्फ सचेत हुनुपर्छ।

एक युगमा एक दिन समय आउँछ। समयलाई चिन्नुहोस्। मलाई चिन्नुहोस्। हुम्लाको भाग्य र भविश्य हेर्नुहोस्। हाम्रो राजनीति छाकमा होइन युग बदल्ने कुरामा केन्द्रित छ। म चाहन्छु कि हुम्लामा मानव केन्द्रित दिगो विकास हुनुपर्छ। यहाँ राजनैतिक-आर्थिक-सामाजिक-साँस्कृतिक रुपान्तरण आवश्यक छ। यसका लागि नीतिगत निर्णय गर्ने ठाउँमा नपुगी सम्भव हुन्न। यसैले म हात जोडेर निवेदन गर्दछु कि यो पटक नेपाली कम्युनिष्ट पार्टीको चुनाव चिन्ह तारामा मतदान गरि दिनुहोस्। आफ्नो अमूल्य मतदान दिएर अत्यधिक बहुमतमा मलाई विजयी गराउनुहोस्। त्यसपछि मेरो परिक्षण गर्नुहोस्। यही अनुरोध, अपिलका साथ मेरा प्रतिबद्धताहरु यसप्रकार छन्-

१. नेपालको संविधान, २०७२ को संशोधन गरी प्रत्यक्ष कार्यकारी प्रमुखको व्यवस्था गर्न पहल गरिने छ।

२. शासकीय स्वरुप र निर्वाचन प्रणालीमा व्यापक सुधारका लागि लागिने छ।

३. संघीयता सवलीकरणका लागि संघ, प्रदेश र स्थानीय तहको सह-अस्तित्व, समन्वय र सहकार्यलाई सहजीकरण गरिने छ।

४. कर्नाली करिडोरको स्तरोन्नति, राष्ट्रिय प्रशारण लाइनको यथासिघ्र विस्तार र अप्टिकल फाइवर विस्तार गरेर हुम्लाको सडक, विद्युत र सञ्चारको विकास राजमार्गलाई सुचारु गर्न सहजीकरण गरिने छ।

५. हुम्लाजस्ता हिमाली जिल्लाको समग्र र दिगो विकासका लागि "हिमाली क्षेत्र विकास प्राधिकरण" को स्थापना र सञ्चालनका लागि पहल गरिने छ।

६. उत्तरी सीमा क्षेत्र हिल्सामा क्वारेन्टाइन र यारीमा सुख्खा बन्दरगाह कार्यालय स्थापना गरि सञ्चालनमा ल्याउन लगाइने छ।

७. वालवालिकालाई शिक्षा र स्वास्थ्यमा लगानी, युवालाई सीप, रोजगारी र सामाजिक सुरक्षा कोषमा आवद्धता तथा ज्येष्ठ नागरिकलाई सम्मान र सुरक्षा दिने व्यवस्था गर्न पहल गरिने छ।

८. सबैले नि:शुल्क शिक्षा र स्वास्थ्य सेवा पाउने व्यवस्थाका लागि पहल गरिने छ।

९. कर्नाली प्रदेशका रुपान्तरणकारी र महत्वका आयोजनामा हुम्लाका स्थानीय पहिचानका आयोजनालाई उच्च प्राथमिकता दिने नीति अख्तियार गर्न पहल गरिने छ।

१०. संघीय व्यवस्थाको लाभ उठाएर स्थानीय समाजवाद लागु गराउन "हुम्लामा विशेष विषय विशेषज्ञ परामर्श कार्यशाला अभियान" सञ्चालन गरिने छ।

११. हुम्लामा रोजगारीका क्षेत्र बढाउन निजी क्षेत्रलाई आकर्षित गरी लगानीमैत्री वातावरण बनाउन विशेष पहल गरिने छ।

१२. हुम्लाको आर्थिक विकासका लागि यहाँको पर्यावरणको संरक्षण, प्राकृतिक स्रोतको पहिचान र उपयोग गर्न कृषि, जडिबुटी, पर्यटन, ऊर्जा लगायतका क्षेत्रको सम्भाव्यता अध्ययन र आयोजना बैंक तयार गरेर सम्बन्धित क्षेत्रमा पहल र पैरवी गरिने छ।

१३. हुम्लाको सामाजिक विकासका लागि दक्ष र प्राविधिक जनशक्ति विकास गर्न प्राविधिक क्षेत्रमा छात्रवृत्ति दिने र सबै सरकारी कार्यालयमा हुम्लाकै योग्य जनशक्ति भेटाउन लोकसेवाको कक्षा सञ्चालनमा सहयोग गर्ने व्यवस्था गर्न पहल गरिने छ।

१४. लिमीदेखि चंखेली, रारा, जुम्ला, डोल्पा हुँदै मुस्ताङ पुग्ने सडकलाई हिमाली पर्या पर्यटकीय सडक नामाकरण गरेर हिमाली क्षेत्रको यातायात विकास प्रणाली सुचारु गर्न पहल गरिने छ।

१५. अन्तर प्रदेश सडकको रुपमा निर्माणाधिन कुवाडी-ताँजाकोट-अदानचुली-सर्केगाड सडकको कुवाडी-पाल्ससम्मको सडक खण्डलाई स्तरोन्नति र पाल्सदेखि गुँसा हुँदै रिपसम्म ट्र्याक खोल्न लगाइने छ।

१६. सल्ली-लिमी लाप्चा सडक, खार्पुनाथ-चुवाखोला सडक, सिमकोट-बरगाउ-ठेहे-दोजाम सडक, सिमकोट-लिमाटाङ-त्वाग्रा सडक, सिमकोट-स्याप्न्या सडक, याङ्गु-स्याँडा-खोल्सी-खगालगाँउ सडक, सिमकोट लाग्ना-फया सडक, गल्वा-पाल्स सडक, सर्केगाड-पंखा सडक, झाँपुकुना-फुचा सडकको स्तरोन्नतिका लागि पहल गरिने छ।

१७. खगालगाउँ र स्याँडा जोड्ने सडक पुल, याङ्चुकुना र थाली औलको सडक पुल, रिपगाड र सर्केगाड मुन्डी जोड्ने सडक पुल यथासिघ्र बनाउन पहल गरिने छ।

१८. सर्केगाड-मारघोर-खार्पुनाथ सडक, लेक गाउँदेखि माझा-छिप्रा-कारंग-राया-थाली सडक, खच्चा-जैर सडक, गुसा-उनापानी-रिप-वीउबारा सडक, सर्केगाड-साँया-बराइ सडक, घिउसी-छ्यागी-बराइ सडक, फुचा-रादेउ-सिमाली-बराइ सडक, पिप्लाङ-पाली-राँती-मेल्छाम-कोर्का-चरिगाउँ-ह्याप्स्या-भुवा कल्लाँस सडकको ट्र्याक खोल्ने कार्यलाई सहजीकरण गरिने छ।

१९. चंखेली गाउँपालिकाको पालिका केन्द्र पिप्लाङबाट पर्यटकीय गाउँ नेप्का हुँदै टाँक्या नाका पुग्ने सडक र तुम्कोट-लिमी सडक निर्माणका लागि विशेष पहल गरिने छ।

२०. हुम्लाको भूगोल र पर्यावरणलाई ध्यानमा राखी सुरुङ मार्ग, केवलकार, रोप वे र पोड वेको सम्भाव्यता अध्ययन गर्न लगाइने छ।

२१. तुम्चमा प्रशारण लाइनको सव स्टेशन बन्न लागेको पृष्ठभूमिमा जिल्लाभर प्रशारण लाइन विस्तार कार्य छिटो गर्न सहजीकरण गरिने छ।

२२. नाम्खाको २, ३ र ४ वडा, सिमकोटको ३, ४, ५, ७ र ८ वडा तथा खार्पुनाथको ४ र ५ वडाबाट हुम्ला कास्काड (श्रृंखलाबद्ध) जलविद्युत आयोजना ६८१.२ मेगावाट उत्पादन गर्ने गरी वातावरणीय प्रभाव मुल्याङ्कन भई सकेकाले यो आयोजना अघि बढाउन नेपाल सरकार र निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ।

२३. हुम्ला कर्नाली कास्काड (श्रृंखलाबद्ध) जलविद्युत परियोजनाबाट लाली औलदेखि दुल्लीकुनामा ३३५ मेगावाट जलविद्युत उत्पादन प्रक्रिया अघि बढेकाले विद्युत उत्पादन कम्पनीलाई लगानीमैत्री वातावरण निर्माण गर्न सहजीकरण गरिने छ।

२४. तुम्कोट जलविद्युत आयोजना ६१ मेगावाट, कुवाडी जलविद्युत आयोजना-३० मेगावाट, लोती ४९.५ मेगावाट, तल्छरी ९ मेगावाट जलविद्युत उत्पादनका लागि निजी क्षेत्रलाई आकर्षित गरि रोजगारी र आर्थिक विकासको मार्ग प्रशस्त गरिने छ।

२५. जिल्ला सदरमुकाम सिमकोटलाई लोडसेडिङ मुक्त गराएर उज्यालो सदरमुकाम बनाउन विशेष पहल गरिने छ।

२६. गाउँ ठाउँमा बनेका साना जलविद्युत आयोजनालाई दिगो र प्रभावकारी रुपमा सञ्चालनका लागि सहयोग गर्ने वातावरण बनाइने छ।

२७. जिल्ला सदरमुकाम सिमकोटलाई आर्थिक केन्द्र तथा पर्वतीय शहर र सबै पालिका केन्द्रलाई साना शहरको रुपमा योजनाबद्ध रुपमा विकास गराउन पहल गरिने छ। सिमकोट जिल्ला सदरमुकाम समेत भएकाले सिमकोट बजारलाई कर्नाली करिडोरको हिमाली ट्रान्जिट बनाइन लगाइने छ।

२८. भूगर्भिक अध्ययन समेत गरेर छरिएर रहेका जोखिमयुक्त गाउँहरुलाई एकीकृत सुरक्षित बस्तीको रुपमा विकास गर्न पहल गरिने छ।

२९. आकाश मुनीको स्वर्ग भन्ने अर्थ लाग्ने नाम्खा गाउँपालिकालाई संविधान प्रदत्त अधिकार प्रयोग गर्दै संरक्षित विशेष क्षेत्रको रुपमा सम्बोधन गर्न पहल गरिने छ।

३०. चीनको सीमा क्षेत्र हिल्सा बजारको व्यवस्थापन, पहिरो नियन्त्रण र नौमुल्याको मुल संरक्षण गर्न पहल गरिने छ।

३१. सबै घरको चुलो, आरम गर्ने खाट, उक्लने लिस्नु र चर्पी सुधारमा अझ विशेष जोड दिने कार्यक्रम लागु गराउन पहल गरिने छ। सरसफाई तथा स्वच्छताका लागि एक घर एक धारा अभियानलाई दिगो र भरपर्दो बनाउन लगाइने छ।

३२. विकसित परिस्थितिमा नागरिकका सेवा सुविधा बढाउन र संघीयतालाई सवलीकरण गर्ने क्रममा हुम्लामा पनि नगरपालिका बनाउन पहल गरिने छ।

३३. संघीयताको मर्म अनुसार केही वडा र मतदान केन्द्र थप गर्नुपर्ने देखिएकाले त्यसका लागि पनि विशेष पहल गरिने छ।

३४. सिमकोट रानीवनस्थित जालन्धर र मल्ल राज्यको दरवार, मातृसत्ता शुरुवात गराउने लिमीको टाक्ची दरवार, रामा गाउँको तीन तले भूमिगत दरवार, नेपालको पशुपतिनाथ, मुक्तिनाथ, छायानाथ

जस्तै लोकप्रिय तर ओझेल परेको क्षेत्र खार्पुनाथ मन्दिर, चन्दनाथ र भैरवनाथको जन्मगाउँ नल्ला, लोक धर्म स्थापित गर्ने महादेउ, हिल्सा, ल्वासुर, रामपाल, बाडपाल, गुरा, सात सर्की, मदानो, कैलाश, गवाला तथा बाह्र भाई मइठाका मारु तथा हिमाली बस्तीका विभिन्न बौद्ध गुम्बाहरुको पुरातात्विक र साँस्कृतिक महत्वको अध्ययन, प्रचार प्रसार र संरक्षणका लागि विशेष पहल गरिने छ। यस्तै गल्वा दराको राई ढुङ्गो र देवान ढुङ्गो तथा रादेउको थुमले किराती सभ्यता र कपिल ऋषिको तपस्यास्थल कल्ख्याले पुरातात्विक महत्व बोध गराएकाले सोको थप अध्ययन र अनुसन्धानलाई जोड दिइने छ।

३५. लिमीको लोलुङजोङ र न्यालु लाग्नामा कैलाश मानसरोवर दृश्यावलोकन स्टेशन बनाएर पर्यटकीय गन्तव्यलाई ब्राण्डिङ गर्न लगाइने छ।

३६. हुम्लाका जनयुद्धका प्रथम शहीद बक्त बुढाको जन्मस्थान पुमा गाउँ नजिकैको ह्याप्स्या डाँडामा बनीरहेको शहीद पार्कलाई पर्यटकीय स्थलको रुपमा विकास गर्न लगाइने छ।

३७. कुवाडीबाट मासपुर, गुम्बाको बाटो भएर सांख्या लेक हुँदै रानीसैन, चाला, सैपाल, मुचु पुग्ने पर्यटन पदमार्ग खोल्न पहल गरिने छ।

३८. बौद्ध धर्मालम्बीको विश्वविद्यालयको रुपमा विकसित याल्बाङ, हल्जी, तुम्कोट, मुचु लगायत सबै गाउँका गुम्बा संरक्षण गर्न र बौद्ध धार्मिक पर्यटकीय गन्तव्य बनाउन पहल गरिने छ।

३९. खौला, अदानचुली, नौमुली, मुन्या लेक, चंखेली, तल्छरी छहरा, भीउदूला, दुध्यादह, चुवाखोला, रल्लिङ तीर्थ, पञ्चमुखी हिमाल, च्याङ्ला भञ्ज्याङ, चंखेली लेक, मारगोर लाग्ना, नारा लाग्ना, गोरख हिमाल, रानीसैनको पाटन, सात पटक घाम लाग्ने नेप्का गाउँको पर्यटकीय महत्व बढाउन चलचित्र छायाँङ्कन स्थलको रुपमा स्थापित गराउन पहल गरिने छ।

४०. कथुर्याकोटलाई कस्तुरी संरक्षण क्षेत्रको रुपमा अध्ययन गरिने छ। भुव्या लाग्नादेखि भिउदुला हुँदै दुध्या दह, थुम, धौलापानी, पोग्री पाटन र नेप्का गाउँसम्म जाने कस्तुरी तथा नावर पदमार्ग निर्माणका लागि पहल गरिने छ।

४१. सल्लीसल्ला, दर्भी, उनापानी, खच्चा, खार्पु, केर्मी र टाक्चीको तातोपानीलाई पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न लगाइने छ।

४२. तुम्च जिउलाको उत्पादकत्व बढाउन लिफ्ट सिँचाइको व्यवस्था गरिएको र यसलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न लगाइने छ। यस्तै आकर्षक खेतीयोग्य दार्म जिउलो र रोडिकोटको शेरामा बृहत सिँचाइको व्यवस्थाको लागि पहल गरिने छ।

४३. जिमाना काँडाको बेलखारा, जैर, बराइ, गोठी, मेल्छाम, खर्प्यालगाउँ, ठेहे लगायतका क्षेत्रको उत्पादन बढाउन लिफ्ट तथा स्प्रीङ सिँचाइका लागि सम्भाव्यता अध्ययन गर्न लगाइने छ।

कर्गैदेखि श्रीनगर कल्ख्यासम्म सिँचाइको व्यवस्था गरी गल्बा दराको उत्पादन बढाउन विशेष पहल गरिने छ।

४४. हुम्ला जिल्लालाई फलफुल बगैचाको जिल्लाको रुपमा विकास गराउन विशेष गुरुयोजना तयार गरिने छ। साथै, पालिका केन्द्रहरुमा शितगृह स्थापनाका लागि पहल गर्नुका साथै सबै पालिका केन्द्रमा कृषि मार्ट स्थापनाका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिने छ।

४५. जडिबुटीको उपलब्धतालाई हेरेर जडिबुटी प्रशोधन केन्द्र रिमीलाई मर्मत गरी सञ्चालनमा ल्याउन निजी क्षेत्रलाई आकर्षित गरिने छ। कुरिल्ला र भदाल्यामा जटामासी प्रशोधन गरेको अनुभवका आधारमा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान (नास्ट) बाट हुम्लामा पाइने सबैखाले जडिबुटीको बारेमा थप अध्ययन अनुसन्धान गर्न लगाइने छ।

४६. हिमाली स्प्रीङ वाटरको संभाव्यता अध्ययन गरी पानी उद्योग स्थापना तथा सञ्चालनका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिने छ।

४७. मानव जनशक्ति निर्माणका लागि पर्वतीय विज्ञान तथा प्रविधि विश्व विद्यालय स्थापनाका लागि पहल गरिने छ। यहाँको मानसरोवर बहुमुखी क्याम्पस सिमकोट, हिमज्योति बहुमुखी क्याम्पस सर्केगाड र गल्बा बहुमुखी क्याम्पस श्रीनगरलाई विभिन्न विश्वविद्यालयबाट आंगिक रुपमा संवोधन गराएर प्राविधिक धारको पढाई सञ्चालन गर्न पहल गरिने छ। सर्केगाड र गल्बाको परिक्षा सोही स्थानमा सञ्चालन गर्न सहजीकरण गरिने छ।

४८. सबै पालिका केन्द्र रहेका माद्यमिक विद्यालयलाई नमुना माद्यमिक विद्यालयका रुपमा विकास गरी प्रविधि स्रोत केन्द्रका रुपमा विकास गराउन थप जोड दिइने छ।

४९. कोट मावि रोडिकोटलाई सिमालीमा आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्थापनका लागि थप पहल गरिने छ।

५०. आफु जन्मेको गाउँठाउँको पञ्चतत्व बोध गराउने स्थानीय पाठ्यक्रम निर्माण र लागु गर्न पोत्साहित गरिने छ।

५१. पच्चिस वेडको जिल्ला अस्पतालको स्तरोन्नति गर्नुका साथै खार्पुनाथ, सर्केगाड, अदानचुली, चंखेली, ताँजाकोट र नाम्खामा आधारभूत अस्पताल स्थापना र सञ्चालनका लागि पहल गरिने छ। यसका साथै छब्बिस वटा सामुदायिक स्वास्थ्य इकाईलाई प्रभावकारी बनाउन संघ, प्रदेश र स्थानीय सरकारबाट स्रोत सुनिश्चित गर्न पहल गरिने छ।

५२. नेपालको जुनसुकै अस्पतालमा सबै हुम्ली नागरिकले वर्षको एक पटक र महिलाले दुई पटक अनिवार्य पुरै शरिरको निःशुल्क चेक जाँच गर्ने व्यवस्थाका लागि पहल गरिने छ।

५३. निजी क्षेत्रबाट फुटसल, स्केटिङ र व्याटमेन्टन हल निर्माण भएर खेलकुद हव बनाउने प्रयास भईरहेको पृष्ठभूमिमा सिमकोटको हाइअल्टिच्युट खेल मैदानको अधुरो काम पुरा गर्नुका साथै सिम क्षेत्रलाई गल्फ खेल मैदानको सम्भाव्यता अध्ययन गर्न पहल गरिने छ। हुम्ला पहिचानको अर्को आधार खेल क्षेत्र बनाएर सबै पालिकाले बनाइरहेका खेलमैदान तथा कवर्ड हलको व्यवस्थाका लागि पहल गरिने छ।

५४. अर्गानिक उत्पादन बढाउन तथा मासु, दुध र अण्डामा आत्मनिर्भर हुन पशुपालन, चरन क्षेत्र विकास र खर्क सुधार आयोजना अगाडि बढाउन प्रोत्साहित गरिने छ।
५५. उत्पीडित वर्ग, दलित, महिला, जनजाति र राज्यबाट पहिचान समेत नपाएका थपाल्या व्यासी समुदायको मुलप्रवाहीकरणका लागि विशेष जोड दिइने छ।
५६. हुम्ला भोट क्षेत्रको जडान सभ्यता, बीचको खसान सभ्यताका लोक जीवन व्यक्त हुने जेठ पुनी, साउन पुनी, पञ्चमी, गौरा, अनन्त्या पुनी, ज्वार्या पुनी, चोख्या, उदाउनी, भैलो, भूओ त्यार, माघी त्यार, हरेलो, ल्होसार, मान्या, बाजागोरु, चैतलो जस्ता चाडबाड तथा स्थानीय कला संस्कृतिलाई हुम्ला चिनाउने रुपमा ब्रान्डिङ गर्न पहल गरिने छ।
५७. हुम्लामा काम गर्ने राष्ट्र सेवक कर्मचारीलाई सम्मानका साथ काम गर्ने र सकारात्मक सन्देश प्रवाह गर्ने गरी कार्य व्यवहार गर्ने वातावरण बनाइने छ।
५८. देशमा सुशासन, सामाजिक न्याय र समृद्धिको लागि हरपल हर क्षण चिन्तन मनन गरिने छ। हुम्ला र हुम्ली जनताको शीर उचो राख्ने गरी अधिकार, विकास र सम्मानका लागि निरन्तर काम गरिने छ।
५९. जति राजनैतिक संघीयता देखिएको छ, त्यही रुपमा प्रशासनिक र वित्तीय संघीयताको लागि वहस र पैरवी गरिने छ।
६०. जिल्लाका सबै माननीयज्यूहरुलाई अनुभव बैंकका रुपमा लिई सल्लाहकारका रुपमा सम्मान गर्नेछु। संसदको प्रत्येक अधिवेशनअघि जिल्ला भ्रमण गरेर यहाँको समस्या र सम्भावनाको संकलन गरेर नीतिगत व्यवस्थाका लागि संसदमा हुम्ला र हुम्ली जनताको आवाज बनेर निरन्तर बोलिने छ।
६१. हुम्लाको जनप्रतिनिधिको नाताले गरेका कामहरुको विवरण प्रत्येक वर्ष जिल्ला समन्वय कार्यालय मार्फत् आम जनसमुदाय र निर्वाचन कार्यालयमा बुझाएर आफ्नो कार्य परिक्षण गरिने छ।

**अरुलाई हेर्यौं पटक पटक**
**डा. दीपेन्द्र रोकायालाई हेरौ यस पटक।**

**निर्वाचन प्रचार प्रसार समिति**
**नेपाली कम्युनिष्ट पार्टी**
**जिल्ला समिति**
**हुम्ला**